## ६६ औं कार्यपालिका बैठक

आज मिति २०७७ साल श्रावण ०१ गते बिहिवारका दिन यस गाउँपालिकाका अध्यक्ष श्री बल बहादुर अधिकारीज्यूको अध्यक्षतामा कार्यपालिकाका सदस्यहरुको उपस्थितिमा बैठक बसी देहाय बमोजिम निर्णय गरियो ।

**उपस्थिति:**

| सि.नं. | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री बलबहादुर अधिकारी | अध्यक्ष | |
| २ | श्री एन्जिला तामाङ्ग | उपाध्यक्ष | |
| ३ | श्री बहादुर तमाङ्ग | १ नं. वडा अध्यक्ष | |
| ४ | श्री फैसिंङ तामाङ्ग | २ नं. वडा अध्यक्ष | |
| ५ | श्री विजय कुमार गुरुङ | ३ नं. वडा अध्यक्ष | |
| ६ | श्री हरिमान श्रेष्ठ | ४ नं. वडा अध्यक्ष | |
| ७ | श्री रामचन्द्र अधिकारी | ५ नं. वडा अध्यक्ष | |
| ८ | श्री भक्तबहादुर लामिछाने | ६ नं. वडा अध्यक्ष | |
| ९ | श्री बाबुराम न्यौपाने | ७ नं. वडा अध्यक्ष | |
| १० | श्री सुष्मा दमाई | कार्यपालिका सदस्य | |
| ११ | श्री विमामाया गुरुङ | कार्यपालिका सदस्य | विमा |
| १२ | श्री तुले कामी | कार्यपालिका सदस्य | तुले |
| १३ | श्री रत्नमाया घले | कार्यपालिका सदस्य | |
| १४ | श्री प्रविणा ढकाल थापा | कार्यपालिका सदस्य | |
| १५ | श्री शोभा उपरकोटी | कार्यपालिका सदस्य | शोभा |

| | | | |
|---|---|---|---|
| १६ | श्री विनोद रोका | प्रमुख प्रशासकीय अधिकृत (सचिव) | |
| १७ | श्री अर्जुन प्रसाद सापकोटा | लेखा अधिकृत | |
| २२ | श्री विमल रानामगर | कार्यालय सहयोगी | |

**छलफल तथा प्रस्तावका विषयहरु :**

१. उपभोक्ता समितिको नगद लागत सहभागिता सम्बन्धमा ।

२. आन्तरिक आर्य तर्फको नदीजन्य पदार्थको ठेक्का आव्हान गर्ने सम्बन्धमा ।

३. उपभोक्ता समिति तथा वोलपत्र मार्फत कार्यान्वयन गर्ने योजना तथा कार्यक्रमको बजेट सीमा निर्धारण सम्बन्धमा ।

४. आ.व. ०७६/०७७ का संघ तथा प्रदेश सरकारबाट प्राप्त समपुरक तथा सशर्त बजेट सम्वन्धमा ।

५. गंगाजमुना गाउँपालिकाको सार्वजनिक खरिद नियमावली, २०७७ स्वीकृत गर्ने सम्वन्धमा ।

६. योजना तथा कार्यक्रमको कन्टिजेन्सी तथा मर्मतसंभार कोष सम्वन्धमा ।

७. विविध ।

गंगाजमुना गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
फुलखर्क, धादिङ
बागमती प्रदेश, नेपाल

## निर्णयहरु

### निर्णय नं. १

आ.व. ०७७/०७८ को स्वीकृत नीति तथा कार्यक्रमको बुँदा नं. ९९ मा **"उपभोक्ता समितिबाट सन्चालन हुने योजना तथा कार्यक्रमहरुलाई थप प्रभावकारी बनाउन, योजना कार्यान्वय हुने स्थान, वस्तीका नागरिकहरुमा योजना प्रति अपनत्व सिर्जना गर्नका लागि नगद तथा श्रम लागत सहभागिताको व्यवस्था मिलाइनेछ। साथै उपभोक्ता समितिलाई योजना कार्यान्वयनका सबै चरणसँग सम्बन्धित प्रक्रियाका बारेमा अभिमूखीकरण कार्यक्रम सन्चालन गरिनेछ।"** भन्ने व्यवस्थाको कार्यान्वय गर्नका निमित्त आ.व. ०७७/०७८ मा स्वीकृत योजना तथा कार्यक्रमहरु उपभोक्ता समिति मार्फत कार्यान्वयन गराउँदा **कुल लागत स्टीमेटको १० प्रतिशत नगद सहभागिता र १० प्रतिशत श्रमदान**को व्यवस्था गर्ने र नगद सहभागिता वापतको रकम गाउँपालिकाले तोकेको बैंक खातामा जम्मा गरी भौचर योजना तथा अनुगमन शाखामा पेश गरे पश्चात योजना सम्झौता गर्ने निर्णय गरियो ।

### निर्णय नं. २

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ को उपदफा (२) घ (६) ढुंगा, गिट्टी, बालुवा, माटो, काठ, दाउरा, जराजुरी, स्लेट, खरीढुंगा आदि प्राकृतिक बस्तुको बिक्री तथा निकासी शुल्क दस्तुत संकलन भन्ने कानूनी प्रावधान अनुरुप गाउँपालिकाले प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयार गरी उक्त प्रतिवेदनमा तोकिएका क्षेत्रहरुबाट आवश्यकता र औचित्यताको आधारमा IEE मा तोकिएको परिमाण भन्दा कम नदीजन्य पदार्थ उत्खनन् तथा बिक्री तथा निकासी गर्नका लागि राजश्व परामर्श समितिबाट सिफारिस भै सभाले स्वीकृत गरे बमोजिम आन्तरिक आर्य तर्फ नदीजन्य पदार्थ (ढुंगा, गिट्टी, बालुवा) वापत निर्धारण गरिएको राजश्व **रु ८७,००,०००/- (अक्षरमा सतासी लाख मात्र) (रु ९ को दरले ९६६६६६.६७ घ.फिट)** को ठेक्का आव्हान गर्ने निर्णय गरियो ।

### निर्णय नं. ३

आ.व. ०७७/०७८ को लागि स्वीकृत वार्षिक कार्यक्रम तथा योजनाहरु मध्ये **रु २० लाख र सो भन्दा माथिका योजना तथा कार्यक्रमहरु** सार्वजनिक खरिद ऐन २०६३, र नियमावली २०६४ तथा प्रचलित कानून बमोजिम वोलपत्र मार्फत कार्यान्वयन गर्ने र रु २० लाख भन्दा कम बजेटका योजना तथा कार्यक्रमहरु उपभोक्ता समिति मार्फत नियमानुसार कार्यान्वयन गर्ने निर्णय गरियो ।

बल बहादुर अधिकारी
अध्यक्ष

गंगाजमुना गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
फुलखर्क, धादिङ
बागमती प्रदेश, नेपाल

निर्णय नं. ४

आ.व. ०७६/०७७ मा संघ तथा प्रदेश सरकारबाट समपुरक तथा सशर्त अन्तर्गत प्राप्त भएका देहायका योजना तथा कार्यक्रमहरु गाउँपालिकाले वोलपत्र आव्हान गरी कार्यान्वयनको प्रक्रियामा रहेको अवस्थामा विश्वभर महामारी तथा संक्रमणको रुपमा फैलिएको कोभिड-१९ रोकथाम तथा नियन्त्रण गर्नका लागि नेपाल सरकारले सम्वत २०७६ चैत्र ११ गते देखि बन्दावन्दी घोषणा गरी अति आवश्यक बाहेकका सेवाहरु बन्द गरेको अवस्था थियो । जस्ले गर्दा गाउँपालिकाले देहायका योजनाहरुको वोलपत्र समयमै आव्हान गरिसकेको भएतापनि सार्वजनिक खरिद अनुगमन कार्यालयले बन्दाबन्दीको अवधिमा बोलपत्र नखोल्न भनी पटक पटक परिपत्र गरी निर्देशन दिएकोले उक्त निर्देशनको पालना गर्दाका बखत तोकिएको समयसीमा भित्र त्यस्ता योजना तथा कार्यक्रमहरुको बोलपत्र खोल्न सकिएन । तसर्थ सार्वजनिक खरिद अनुगमन कार्यालयको निर्देशन अनुसार उल्लेखित योजनाहरुको बोलपत्र खोली मूल्यांकन गर्ने, आशयको सूचना प्रकाशन तथा सम्झौता गर्ने कार्य समयमै गर्न असमर्थ भएको र निर्माण सामाग्रीको अभाव तथा कामगर्ने कामदारको अभाव हुनुका साथै यस वर्ष छिटो वर्षातको शुरुवातले गर्दा ती योजना तथा कार्यक्रमहरु समयमा सम्पन्न गर्न नसकिएकोले त्यस्ता योजनाहरुको ठेक्का सम्झौता रकम गाउँपालिकाको खातामा राखि आ.व.०७७/०७८ मा सम्पन्न गर्ने गरी नेपाल सरकारको मिति २०७७/०३/२९ को निर्णयानुसार ६ महिना म्याद थप गर्ने समेत निर्णय गरियो।

देहाय

| आ.व. ०७६/०७७ मा संघ तथा प्रदेश समपुर एवं सशर्त योजनाहरू | | | | | |
|---|---|---|---|---|---|
| ठेक्का नं. | योजना तथा कार्यक्रम | स्रोत | विनियोजित बजेट | ठेक्का स्वीकृत रकम | ठेक्का कम्पनीको नाम |
| GRM/DHADING/29/076-77 | किचेत देउराली खानेपानी वडा नं. १ | आर्थिक मामिला तथा योजना मन्त्रालय | ३०००००० | १९०९६४६.०२३ | सप्तरंगी कन्स्ट्रक्सन |
| GRM/DHADING/31/076-77 | ताप्राङखोला लताब धुसेनी तावल सल्लेरी सडक | प्रदेश समपुरक | ६०००००० | ४३६२५८६.१५५ | रिगंङ निर्माण सेवा |
| GRM/DHADING/32/076-77 | गरगरे सुकभञ्ज्याङ फुलस्वर्क गुम्दी सडक | संघीय समपुरक | २७००००० | ३१७५३६२.१५ | लिड कन्स्ट्रक्सन |



बल बहादुर अधिकारी
अध्यक्ष

| | | | | | |
|---|---|---|---|---|---|
| GRM/DHADING/33/076-77 | बुढाथुम हटिया गैरीगाउ दमैटोल खानेपानी वडा नं. ७ | आर्थिक मामिला तथा योजना मन्त्रालय | ३५००००० | २६९५७३२.९६९ | सप्तरंगी कन्स्ट्रक्सन |
| GRM/DHADING/37/076-77 | तामाङस्वर्क मा.वि. अनाथ बालबालिका छात्राबास वडा नं. ४ | आर्थिक मामिला तथा योजना मन्त्रालय | ३५००००० | २८४१७३८.८३४ | लिड कन्स्ट्रक्सन |
| GRM/DHADING/15/076-77 | झोलुङ्गेपुल आफल खोला | संघीय सशर्त | १८००००० | १०६४८४६.६३ | एस.के. इन्जिनियरिङ्ग |
| **कुल जम्मा** | | | **१९५०००००** | **१६९९८९६५.६९** | |
| ***पुनश्च*** : सि.नं. १ को संघीय समपुरक योजनाको लागि गाउपालिकाले रू ४,७५,३६२।२ (अक्षरमा चार लाख पचहत्तर हजार तीनसय बैसठ्ठी रूपैया दुई पैसा मात्र) थप गर्नुपर्नेछ । | | | | | |

**निर्णय नं. ५**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७४ को उपदफा (२) मा भएको व्यवस्था एवं यस गाउँपालकाको खरिद प्रक्रियालाई थप खुला, पारदर्शी, बस्तुतनिष्ठ र प्रभावकारी बनाउन तथा सार्वजनिक खरिद प्रक्रिया एवं निर्णयलाई गुणस्तरीय खरिदको माध्यमबाट छिटो र अधिकतम प्रतिफल हासिल गरी सार्वजनिक खरिद प्रक्रियामा सुशासनको प्रत्याभूति गर्न वाञ्छनीय भएकोले **गंगाजमुना गाउँपालिकाको सार्वजनिक खरिद नियमावली, २०७७** स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६**

आ.व. ०७७/०७८ को लागि स्वीकृत योजना तथा कार्यक्रम ठेक्का तथा उपभोक्ता समिति मार्फत कार्यान्वयन गर्दाका वखत विगतका आर्थिक वर्षमा ४ प्रतिशत कन्टिजेन्सी कट्टा गदै आएकोमा यस आ.व. ०७७/०७८ देखि उक्त प्रतिशतलाई परिवर्तन गरी **३ प्रतिशत कन्टिजेन्सी र १ प्रतिशत मर्मतसंभार कोष**का लागि कट्टा गर्ने निर्णय गरियो ।

**विविध:**

(क) यस गाउँपालिका अन्तर्गतका देहायका स्थानहरुमा निरन्तर रुपमा भारी वर्षातको कारणले बाढी, पहिरो गई घर बस्ती जोखिममा परेकोले सो को रोकथाम तथा नियन्त्रण गर्न आवश्यक बजेट मागका लागि सम्बन्धित निकायमा सिफारिस गर्ने निर्णय गरियो ।

गंगाजमुना गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय फुलखर्क, धादिङ

बल बहादुर अधिकारी
अध्यक्ष

<u>तपसिल:</u>

| | |
|---|---|
| १. सप्कीचोक पहिरो नियन्त्रण, वडा नं. २ | १३. भण्डारी गाउँ पहिरो बगुवा खोला मनेधारा पहिरो नियन्त्रण, वडा नं. ७ |
| २. बगुवा खोलाको पहिरो नियन्त्रण, वडा नं. ५ | १४. चोके पहिरो नियन्त्रण, वडा नं. १ |
| ३. हाकाखोला पहिरो नियन्त्रण , वडा नं. २ | १५. री पहिरो नियन्त्रण, वडा नं. १ |
| ४. सिल्मेस्यो पहिरो नियन्त्रण, वडा नं. २ | १६. इबी पहिरो नियन्त्रण, वडा नं. १ |
| ५. सेक्तली खोला पहिरो नियन्त्रण, वडा नं. २ | १७. ताजिम्राङ पहिरो नियन्त्रण, वडा नं. १ |
| ६. गैरीगाउँ पहिरो नियन्त्रण, वडा नं. २ | १८. किचेत पहिरो नियन्त्रण, वडा नं. १ |
| ७. सानोनाङ्गे पहिरो नियन्त्रण, वडा नं. ६ | १९. रिचेत पहिरो नियन्त्रण, वडा नं. १ |
| ८. मंसिरे पहिरो नियन्त्रण, वडा नं. ६ | २०. करङ्गेढापचौर  पहिरो नियन्त्रण, वडा नं. ५ |
| ९. कुटमिरे पहिरो नियन्त्रण, वडा नं. ६ | २१. विलौने पाखा पहिरो नियन्त्रण, वडा नं. ५ |
| १०. थापागाउँ पहिरो नियन्त्रण, वडा नं. ७ | २२. चिसेखोला फाप्रे दोभान पहिरो नियन्त्रण, वडा नं. ५ |
| ११. सिम्ले खोला पहिरो नियन्त्रण, वडा नं. ७ | २३ तीनखण्डखोला पहिरो नियन्त्रण, वडा नं. ५ |
| १२. गहिरीगाउँ कमेरे खोला पहिरो नियन्त्रण, वडा नं. ७ | २४. भण्डारी गाउँ रातमाटे पहिरो, वडा नं. ४ |

**(ख)** आ.व. ०७७/०७८ को स्वीकृत वार्षिक योजना तथा कार्यक्रमहरु मध्ये ठेक्का (टेन्डर) मार्फत गरिने कार्यक्रमहरुको डिजाइन, स्टीमेट लगायतका कार्य गरी <u>**सम्वत् २०७७ आश्विन १५ गते भित्र**</u> त्यस्ता ठेक्काको सूचना निकालीसक्ने  निर्णय गरियो ।

**(ग)** विश्वभर महामारी तथा संक्रमणको रुपमा फैलिएको कोभिड-१९ को रोकथाम तथा नियन्त्रण गर्नका लागि भारत लगायत तेस्रो मुलुक (विदेश) बाट गाउँपालिका स्थित आफ्नो घर आएका व्यक्तिहरुलाई नेपाल सरकार, स्वास्थ्य मन्त्रालयको प्रोटोकल अनुसार गंगाजमुना गाउँपालिका वडा नं. ५ स्थित श्री मण्डली मा.वि.मा क्वारेन्टीनको व्यवस्थापन गरेकोमा नेपाल सरकारको निर्णयानुसार निकट भविष्यमा नै विद्यालयहरु खुली पठनपाठन शुरु हुने कुरालाई मध्यनजर गर्दै गंगाजमुना गाउँपालिका वडा नं. ५ स्थित श्री बलौटा आधारभुत विद्यालयमा विद्यार्थी संख्या कम भएको हुँदा अर्को व्यवस्था नभएसम्मका लागि तहाँ विद्यालयको विद्यार्थीहरुलाई श्री मण्डली मा.वि.मा पठनपाठन गर्ने व्यवस्था मिलाई सो विद्यालय क्वारेन्टीनको लागि प्रयोगमा ल्याउने निर्णय गरियो

गंगाजमुना गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
फुलखर्क धादिङ

बल बहादुर अधिकारी
अध्यक्ष

(घ) संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय (आन्तरिक व्यवस्थापन शाखा) को प.स. ०७७/०७८, च.नं. १२, मिति २०७७/०४/०१ को पत्रबाट लोक सेवा आयोगबाट सिफारिस भै स्थायी नियुक्ति भएका कर्मचारीहरुको कार्यसम्पादन मूल्यांकनको लागि अर्को व्यवस्था नभएसम्म तोकिएको ढाँचा बमोजिमको फारामलाई कार्यपालिकाबाट स्वीकृत गराई भर्ने व्यवस्था मिलाउनु हुन भनी लेखी आए बमोजिम उक्त फारामको ढाँचा स्वीकृत गर्ने निर्णय गरियो ।

(ङ) आ.व. ०७७/०७८ को नीति तथा कार्यक्रममा व्यवस्था भए अनुरुप गाउँपालिका अन्तर्गतका स्वास्थ्य संस्थाबाट प्रदान गरिने स्वास्थ्य सेवालाई थप प्रभावकारी बनाउन, आकस्मिक स्वास्थ्य स्थिति, विपन्न र अशक्त नागरिकहरुको स्वास्थ्य अवस्थालाई मध्यनजरमा राखी ग्रामाणि अस्पताल फुलखर्क, वडा नं. ५ र बसेरी स्वास्थ्य चौकी, वडा नं. ६ गरी २ थान एम्वुलेन्स राजश्व छुटमा खरिदका लागि रु २४ लाख बजेट विनियोजन गरिएको हुँदा नियमानुसार खरिद प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।

गंगाजमुना गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
फुलखर्क, धादिङ
बागमती प्रदेश, नेपाल

बल बहादुर अधिकारी
अध्यक्ष